# शिखर इन्स्योरेन्स कं. लि.

## तेस्रो वार्षिक प्रतिवेदन

आ.व. २०६३/०६४

Shikhar Insurance

# संचालक समिति



विकास जंगबहादुर राणा
अध्यक्ष



आं छिरी शेर्पा
संचालक



वीरेन्द्र बहादुर बस्नेत
संचालक
बुद्ध एयर प्रा. लि. को तर्फबाट



गौरव अग्रवाल
संचालक



प्रदीप जंग पाण्डे
संचालक
लोमस इन्भेष्टमेन्ट कं. प्रा. लि. को तर्फबाट



राजेन्द्र प्रसाद श्रेष्ठ
संचालक



किरण शेखर अमात्य
संचालक
सर्वसाधारण शेयरधनीहरूको तर्फबाट

# व्यवस्थापन



दिप प्रकाश पाण्डे
प्रमुख कार्यकारी अधिकृत
तथा कम्पनी सचिव



खेम प्रसाद बराल
महाप्रबन्धक दावी, पुनर्बीमा



सविता मास्के
नायब महाप्रबन्धक
अण्डरराइटिङ्ग

प्रताप प्रसाद प्रधान
पि. पि. प्रधान एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्
लेखा परीक्षक

शैलेशमान श्रेष्ठ
कर लेखा परीक्षक

टि. आर. उपाध्याय एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्
आन्तरिक लेखा परीक्षक

रामकृष्ण निराला
कानूनी सल्लाहकार

# शिखर इन्स्योरेन्स कम्पनी लि. को

## तेस्रो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

यस कम्पनीको संचालक समितिको मिति २०६५/०३/०१ गते बसेको ३४ औं बैठकको निर्णयानुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न कम्पनीको तेस्रो वार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध छ ।

**मिति, समय र स्थान :**

| | | |
|---|---|---|
| मिति | : | २०६५ साल असार २७ गते शुक्रबार (तद्नुसार जुलाई ११, २००८) । |
| समय | : | दिनको २:०० बजे । |
| स्थान | : | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज), जावलाखेल, ललितपुर । |

**छलफलका विषयहरू:**

१. संचालक समितिको आ.व. २०६३/०६४ को वार्षिक प्रतिवेदन माथि छलफल तथा अनुमोदन गर्ने बारे ।
२. आ.व. २०६३/०६४ को वासलात तथा नाफा-नोक्सान, नगद प्रवाह विवरण एवं लेखापरीक्षण प्रतिवेदन माथि छलफल तथा अनुमोदन गर्ने बारे ।
३. संचालक समितिले सिफारिस गरेको लाभांश स्वीकृत गर्ने बारे ।
४. आर्थिक वर्ष २०६४/०६५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने बारे ।
५. कम्पनीको नियमावलीमा संशोधन सम्बन्धी विशेष प्रस्ताव बारे ।
६. विविध ।

मितिः २०६५/०३/०१

**संचालक समितिको आज्ञाले**

**(दिप प्रकाश पाण्डे)**
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी जानकारी

१. सभामा भाग लिन आउनु हुने महानुभावहरूले यसै सूचनासाथ प्रकाशित प्रवेश-पत्र वा आफ्नो शेयर प्रमाण-पत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाइने छ। कुनै शेयरधनी महानुभावले कुनै कारणवश प्रवेश-पत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रीय कार्यालय, नयाँ वानेश्वर, काठमाडौंमा साधारण सभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रवेश पत्र प्राप्त गर्नु हुन अनुरोध गरिन्छ।

२. सभामा भाग लिनका लागि प्रतिनिध (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले प्रतिनिधि (प्रोक्सी) फारम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् २०६५/०३/२५ गते दिनको २:०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। एक जना शेयरधनीले एक जना भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छैन। एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबैभन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि प्रोक्सी बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ। तर मतदान गर्न पाउनु हुने छैन।

३. नाबालक शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयरधनीहरूको लगत किताबमा संरक्षकको रूपमा दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रूपमा मान्यता दिइने छ।

४. संयुक्त रूपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाइने छ।

५. सभाको दिन सभा शुरू हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ।

६. मिति २०६५ साल असार १२ गतेदेखि साधारण सभा सम्पन्न नहुन्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिएको छ।

७. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरधनी महानुभावहरूले छलफल गर्न चाहनुभएको विषयबारे २०६५ साल असार २० गतेसम्म कम्पनीको कम्पनी सचिव मार्फत् संचालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ। त्यस्तो विषय संचालक समितिको अध्यक्षलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गरिने छ।

८. सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय, एभरेष्ट बैंक कम्प्लेक्स, नयाँ बानेश्वर, काठमाडौंमा, कार्यालय समयभित्र सम्पर्क राख्न अनुरोध गरिन्छ।

**शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड**
एभरेष्ट बैंक कम्प्लेक्स, नयाँ बानेश्वर, पोष्ट बक्स नं. ११९३३, काठमाडौं, नेपाल ।
फोन नं. ४७८४५१५, फ्याक्स नं. ९७७-१-४७८४५१३

## प्रवेश-पत्र

शेयरधनीको नाम: ..........................................................................................................

शेयरधनीको सही ..........................................., शेयर प्रमाण-पत्र नं. ............................. शेयर संख्या: .................

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको २०६५ साल असार २७ गते शुक्रवारका दिन हुने तेस्रो वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

नोट: शेयरवाला आफैंले खाली कोष्टहरू भर्नु होला ।
(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रूपमा लिई आउनु हुन अनुरोध छ ।)

✂- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

श्री संचालक समिति,
शिखर इन्स्योरेन्स कं. लि.
नयाँ बानेश्वर, काठमाडौं ।

विषय: प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

......................... जिल्ला .......................... न.पा. / गा.वि.स. ............................ वडा नं. ......... बस्ने म / हामी ............................ ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०६५ साल असार २७ गते शुक्रवारका दिन हुने तेस्रो वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ............................................. जिल्ला न.पा. / गा.वि.स. ............................ वडा नं. .......... बस्ने त्यस कम्पनीका शेयरवाला श्री / श्रीमती.................................................................................................. शेयर प्रमाण पत्र नं. ........................ लाई मेरो / हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु / छौं ।

दस्तखत: ................................................
निवेदक, नाम: ........................................
ठेगाना: ...................................................
प्र.प.नं. / शेयरधनी नं.:...............................
कि.नं. ...................... देखि ..................सम्म
मिति: .....................................................

नोट: यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय नयाँ बानेश्वर, काठमाडौंमा पेश गरिसक्नु पर्नेछ ।)

# विषय सूची


| | पृष्ठ संख्या |
|---|---|
| संचालक समितिको प्रतिवेदन | ५ |
| लेखापरीक्षकको प्रतिवेदन | १३ |
| वासलात | १४ |
| नाफा-नोक्सान हिसाब | १५ |
| नगद प्रवाह विवरण | १६ |
| अग्नि बीमाको आय-व्यय विवरण | १७ |
| सामुद्रिक बीमाको आय-व्यय विवरण | १८ |
| सवारी बीमाको आय-व्यय विवरण | १९ |
| ठेकेदार जोखिम तथा इन्जिनीयरिङ्ग बीमाको आय-व्यय विवरण | २० |
| हवाई बीमाको आय-व्यय विवरण | २१ |
| विविध बीमाको आय-व्यय विवरण | २२ |
| अनुसूचीहरू | २३ |
| प्रमुख लेखा नीति तथा टिप्पणीहरू | २७ |
| व्यवस्थापन खर्च | ३० |
| नियमावलीमा प्रस्तावित संशोधन | ३२ |
| नोट | ३४ |

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको तेस्रो वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्री विकास जंगबहादुर राणाद्वारा प्रस्तुत आ.व. २०६३/०६४ को

# वार्षिक प्रतिवेदन

## आदरणीय शेयरधनी महानुभावहरू,

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको तेस्रो वार्षिक साधारण सभामा उपस्थित हुनु हुने शेयरधनी एवं अन्य सम्पूर्ण महानुभावहरूलाई संचालक समिति र म स्वंयको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु । विविध कारणहरूले गर्दा कम्पनीको तेस्रो वार्षिक साधारण सभा गर्न बिलम्ब भएको प्रति संचालक समितिको तर्फबाट क्षमायाचना गर्दछु । यस अधिका साधारण सभाहरूमा शेयरधनी महानुभावहरूले दिनुभएका गहन एवं महत्त्वपूर्ण सुझावहरूलाई यथासम्भव अवलम्बन गरी अघि बढ्न संचालक समिति हरसम्भव प्रयासरत रहेको जानकारी गराउँदै आर्थिक वर्ष २०६३/०६४ को वासलात, नाफा-नोक्सान हिसाब, तथा नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन अनुमोदनको लागि यहाँहरू समक्ष प्रस्तुत गर्दछु ।

## क) विगत वर्षको कारोवारको सिंहावलोकन :

निर्जीवन बीमा क्षेत्रमा रहेको चुनौतीहरूलाई सामना गर्दै अघि बढिरहेको यस कम्पनीले तेस्रो आर्थिक वर्ष पूरा गर्न सफल भएको छ । देशमा भएका राजनीतिक घटनाक्रम, तराई आन्दोलन, पेट्रोलियम पदार्थको चरम अभाव जस्ता कारणले प्रभावित रहेको व्यावसायिक वातावरणमा पनि कम्पनी समीक्षा वर्ष २०६३/६४ मा बीमा व्यवसायको क्षेत्रमा अग्रस्थान हासिल गर्न सफल भएको छ । आ.व. २०६२/६३ को तुलनामा आ.व. २०६३/६४ मा २९.४८ प्रतिशतले बीमाशुल्क आम्दानीमा वृद्धि भएको तथ्य शेयरधनी महानुभावहरूलाई अवगत गराउन चाहन्छु । दोस्रो वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझावहरूलाई अवलम्बन गरी सोही अनुरूप कम्पनीलाई अघि बढाउन संचालक समिति प्रतिबद्ध रहेको पुनः विश्वास दिलाउन चाहन्छौं ।

रू. हजारमा

| क्र.सं. | विवरण | आ.व. २०६३/०६४ | आ.व. २०६२/०६३ | वृद्धि (%) |
|---|---|---|---|---|
| १. | बीमाशुल्क आर्जन | ३२,११,५७ | २४,८०,१७ | २९.४९ |
| २. | पुनर्बीमाशुल्क | २५,४२,०६ | २२,१३,९० | १४.९२ |
| ३. | खुद धारण | ६,६९,५१ | २,६६,२७ | १५१.४४ |
| ४. | बीमाशुल्क आर्जन/खुद धारण (%) | २०.८५ | १०.७३ | – |
| ५. | व्याज तथा अन्य आम्दानी | ८३,८७ | ५३,१४ | ५७.८२ |
| ६. | व्यवस्थापन खर्च | २,९८,४१ | २,१६,१९ | ३८.०३ |
| ७. | बीमाशुल्क आर्जन/व्यवस्थापन खर्च (%) | ९.२९ | ८.७१ | – |

### कम्पनीको आर्थिक अवस्थाको संक्षिप्त झलक :

कम्पनीले आफ्नो कारोवार क्षेत्रमा व्यापक विस्तार गरेको परिप्रेक्ष्यमा व्यवस्थापन खर्च पनि बीमाशुल्क संकलनकै अनुपातमा बढेको छ । बीमा सम्बन्धी जनचेतना अभिवृद्धि, कर्मचारी तालिम, कर्मचारी उपदान तथा विदा रकमको व्यवस्था, शाखा विस्तार एवं कारोवारमा भएको वृद्धिका कारण केही कर्मचारीहरूको नियुक्ति जस्ता कारण खर्च बढ्न गएको हो । कर्मचारी सम्बन्धी खर्चले यस वर्षको व्यवस्थापन खर्चमा ५१ प्रतिशत ओगटेको छ । गत वर्षको तुलनामा यो अनुपात केही घट्न गएको छ । तत्कालीन अवस्थामा कर्मचारीको लागि भएको खर्च बढी देखिए तापनि कम्पनी देशमा न्यून: रहेको बीमा सम्बन्धी जनशक्ति उत्पादन गर्न सफल हुने र यसबाट दीर्घकालीन रूपमा कम्पनीलाई फाइदा पुग्ने विश्वास लिएका छौं ।

**कम्पनीको कारोवारको निम्न तुलनात्मक विवरणले समग्र रूपमा उत्साहवर्द्धक रहेको स्पष्ट हुन्छ :**

रू. हजारमा

| क्र.सं. | व्यवसाय | आ.व. २०६१/०६२ प्रिमियम | आ.व. २०६२/०६३ प्रिमियम | आ.व. २०६३/०६४ प्रिमियम | वृद्धि प्रिमियम % |
|---|---|---|---|---|---|
| १. | अग्नि बीमा | १,४७,०५ | ४,११,८० | ५,४२,८४ | ३१.८२ |
| २. | सामुद्रिक बीमा | ८७,८५ | १,८७,६८ | २,२१,०४ | १७.७८ |
| ३. | इन्जिनीयरिङ्ग बीमा | ३६,३६ | ५६,७४ | १,०७,६६ | ८९.७४ |
| ४. | मोटर बीमा | ९६,८७ | २,८५,३४ | ६,७४,११ | १३६.२५ |
| ५. | हवाई बीमा | ८,६८,८४ | १३,२९,७१ | १२,२१,८७ | ८.११ |
| ६. | विविध बीमा | ८९,९९ | २,०४,७५ | ४,४४,०६ | ११६.८८ |




हाम्रो कम्पनीद्वारा प्रदान गरिएको सेवा, सुबिधा एवं सहुलियतबाट प्रभावित हुनु भइ कम्पनीमा बीमा कारोवार गरी सहयोग गर्नु हुने हाम्रा सम्पूर्ण ग्राहकवर्ग एवं शुभचिन्तकहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । आगामी दिनमा पनि सोही अनुसार अझ सहयोग प्राप्त हुने अपेक्षा राख्दै कम्पनीको तर्फबाट पनि अझ सरल, शुलभ एवं सहुलियत रूपमा बीमा सेवा प्रदान गरी ग्राहक एवं शुभ चिन्तकहरूलाई पूर्ण सन्तुष्टि दिई कम्पनी अघि बढ्ने विश्वास दिलाउन चाहन्छौं ।

**समीक्षा वर्ष तथा गत वर्ष खुद दावी भुक्तानी तथा दावी वापत अनुमानित दायित्व निम्न बमोजिम रह्यो :**

| क्र.सं. | दावी | आ.व. २०६३/०६४ | | आ.व. २०६२/०६३ | |
|---|---|---|---|---|---|
| | | कुल दावी व्यवस्थापन तथा फछ्र्यौट | खुद दावी | कुल दावी व्यवस्थापन तथा फछ्र्यौट | खुद दावी |
| १. | अग्नि बीमा | ४५,७४,०९३.६६ | १४,४०,७७१ | १८,६३,०७,६६३.१३ | १९,२८,३७७.३३ |
| २. | सामुद्रिक बीमा | ४४,८५,३०४.०० | ५,३७,१८५ | ६२,२६,८४०.०० | ५,६९,८७३.०० |
| ३. | सवारी बीमा | १,६२,२३,४७८.६३ | १,०८,३९,२२८ | ७८,७३,४४५.४९ | ४९,३१,२२४.५४ |
| ४. | इन्जिनीयरिङ्ग बीमा | ६,६४,२७२.७१ | ७०,८१९ | १४,४१,४२०.०० | २,१४,०५२.९० |
| ५. | हवाई बीमा | १२,९१,९०,६२१.२४ | ४,७२,७८७ | २८,१८,७५,६६६.०३ | ९,२६,५७०.१२ |
| ६. | विविध बीमा | १,०१,२५,९२१.७६ | २५,७६,२९७ | २९,१९,०८८.५२ | ८,०६,५४९.३८ |
| | जम्मा | १६,५२,६३,६९२.०० | १,५९,३७,०८७ | ४८,६६,४४,१२३.१७ | ९३,७६,६४७.३९ |
| | खुद बीमाशुल्क आम्दानी | – | ६,६९,५१,७१३ | – | २,६६,२७,०८५.१२ |
| | खुद बीमाशुल्कमा दावी भुक्तानी % | – | २३.८०% | – | ३५.२१% |
| | सूचित नभएको अनुमानित दावी | – | ९८,९०,१२६ | – | ९,३२,२३७.९९ |












बीमाशुल्क आम्दानीको तुलनामा दावी भुक्तानीको अनुपात अघिल्लो आर्थिक वर्ष झैं यस वर्ष पनि बढ्न गएकोले मुनाफा अनुपातिक रूपमा बढ्न सकेको देखिदैन । कम्पनी तीन आर्थिक वर्षमा गरी जम्मा रू. ७१,२१,३९,१५५.१७/- कुल दावी फछर्यौट गर्न सक्षम भएको छ । यसले कम्पनीको विश्वसनियता वृद्धि गर्नमा निकै ठूलो भूमिका खेलेको महसुस गरेका छौं । समीक्षा वर्षमा पनि कम्पनीमा परेका दावीको क्षतिपूर्ति सहज रूपमा व्यवस्थापन गर्न कम्पनी सफल भएको छ ।

यस वर्ष जग्गा खरिदको रू. ६,४१,०४,३५१/- बाहेक पनि विभिन्न वित्तीय संस्थामा निक्षेप तथा सुरक्षणमा गरी जम्मा रू. १,७३,७६,४६८।- थप लगानी गर्न कम्पनी सक्षम भएको छ । बीमाशुल्क बाहेक लगानीबाट प्राप्त हुने ब्याज रकम समेत कम्पनीको प्रमुख आम्दानीको श्रोत मान्नु पर्ने हुन्छ । बैंक तथा वित्तीय संस्थाहरूद्वारा प्रदान गरिने न्यून: ब्याजदरका बाबजुद कम्पनीको पूँजीलाई आम्दानीको श्रोतको रूपमा परिचालन गर्न कुशल लगानी नीति अवलम्बन गरी लगानीबाट समीक्षा आ.व. मा रू. ८३,८६,८०२।- ब्याज आम्दानी गरिएको छ । लगानीको प्रतिफल दरलाई बढाउने उद्देश्यले नियमनकारी निकायसंग लगानी निर्देशिकालाई लचिलो बनाउनको लागि निरन्तर पहल भइरहेको तथ्य जानकारी गराउन चाहन्छौं । हाम्रो पहललाई सकारात्मक रूपमा लिइनेमा हामी आशावादी छौं । हालैको राजनीतिक परिवर्तन तथा निकट भविष्यमा नै देश विश्व व्यापार संगठनमा प्रवेश गर्ने भएकोले पनि देशको आर्थिक नीतिलाई समय सापेक्ष परिवर्तन गरिने कुरामा हामी विश्वस्त रहेका छौं । यसबाट आर्थिक क्षेत्रमा नयाँ लागानीका अवसरहरू सृजना हुन गई हाम्रो कम्पनीले पनि राम्रो अवसर प्राप्त गरी अझ प्रगति गर्न सफल हुने कुरामा हामी विश्वस्त छौं ।




समीक्षा वर्षमा कम्पनी बोनस तथा कर अघि रू. १,८५,६९,६६३।- मुनाफा कमाउन सफल भएको छ । बोनस तथा आयकर वापत क्रमश: रू. १८,८५,७८९।- तथा रू. ५४,४८,०९५।- छुट्याए पछि रू. १,१२,३५,७७९।- खुद मुनाफा भएको छ । बीमाशुल्क संकलनको तुलनामा खुद मुनाफा रकम बीमा सम्बन्धी ऐन नियममा रहेको व्यवस्था अनुरूप जगेडा कोषहरूमा रकम राखिएको कारण कम

हुन गएको हो । नियमानुसार राखिएको असमाप्त जोखिम जगेडा कोषमा जम्मा भएको रकम हेर्दा कम्पनी सुदृढ अवस्थामा रहेकोले आगामी दिनमा निश्चय नै अझ राम्रो प्रतिफल प्राप्त हुने कुरामा हामी विश्वस्त रहेका छौं ।

**राजस्वमा योगदान :**

समीक्षा वर्षमा कम्पनीले विभिन्न शीर्षक अन्तर्गत रू. ५ करोडभन्दा बढी रकम राजस्व दाखिला गरी देशको अर्थतन्त्रमा टेवा पुऱ्याउन मद्दत गरेको छ । संस्थागत सु-शासनमा विश्वास राख्ने कम्पनीको हैसियतले देशको परिवर्तित राजनैतिक अवस्थामा सरकारबाट बीमा सम्बन्धी परिमार्जित आर्थिक नीति अवलम्बन गरी स्वदेशी कम्पनीहरू पनि अन्य विदेशी बीमा कम्पनीहरूसंग प्रतिस्पर्धामा उत्रन सक्ने वातावरण निर्माण हुने अपेक्षा राखेका छौं ।

**ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारमा परेको असर :**

सरकारले निर्जीवन बीमाशुल्कमा मूल्य अभिवृद्धिकर लगाउनाले बीमितहरूलाई अतिरिक्त आर्थिक भार परेको महसूस भएको छ । यसले व्यक्तिगत रूपमा बीमा गर्ने ग्राहकहरू हतोत्साहित समेत भएको अनुभव रहेको छ । प्राइभेट मोटरको बीमाशुल्क दररेट अत्यधिक भएको कारण पनि बाध्यात्मक रूपमा मात्र बीमा गर्ने प्रचलन रही आएकोमा हाल उक्त दररेटलाई बीमा समितिद्वारा केही समायोजन गरी दररेट केही घटाइएकोले व्यक्तिगत तथा स्वेच्छिक रूपमा बीमा गर्नेको संख्या थप भै व्यवसाय वृद्धि हुने अपेक्षा राखेका छौं । देशमा भएको शान्ति सम्झौता तथा संविधान सभाको निर्वाचनकै क्रममा विभिन्न बैंक, वित्तीय संस्थाहरू, होटल, हाइड्रो पावर कम्पनी जस्ता ठूला लगानीका व्यावसायिक कम्पनीहरू धमाधम स्थापना भइरहेका छन् । यसबाट देशको आर्थिक क्रियाकलापमा वृद्धि हुन गई बीमा व्यवसायमा सकारात्मक प्रभाव पार्ने कुरामा हामी आशावादी छौं ।

**ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा :**

अघिल्लो आ.व. २०६३/६४ को श्रावणदेखि जेठ मसान्तसम्म रू. २९,६३,४५,५०७- (अक्षरेपी उनान्तीस करोड त्रिसठ्ठीलाख पैंतालीस हजार पाँच सय सात) मात्र बीमाशुल्क रकम संकलन भएकोमा यस आ.व. २०६४।६५ को सोही अवधिमा रू. ३२ करोडभन्दा बढी बीमाशुल्क आर्जन भइसकेको छ जसलाई हामीले उत्साहप्रद मानेका छौं । जसको फलस्वरूप कम्पनीले आगामी आर्थिक वर्षमा राम्रो प्रतिफल प्राप्त गर्ने विश्वास लिएका छौं । देशमा दक्ष जनशक्तिको उत्पादन तथा जनमानसमा बीमा सम्बन्धी ज्ञानको अभिवृद्धि गर्ने कार्य कम्पनीले निरन्तर रूपमा गर्दै आएको हुँदा देशको बीमा प्रविधिको विकासमा टेवा पुग्ने अपेक्षा राखेका छौं । यसबाट कम्पनीलाई पनि दीर्घकालीन रूपमा राम्रो फाइदा पुग्ने विश्वास लिएका छौं । कम्पनी बीमा व्यवसायमा नयाँ-नयाँ उत्पादनहरू ल्याउन निरन्तर लागि रहेको छ । कम्पनीमा कार्यरत व्यवस्थापन तहका कर्मचारीद्वारा बीमा अभिकर्ता, सर्भेयर तथा सोसंग सम्बन्धित तालिम तथा गोष्ठीहरूमा प्रशिक्षकको रूपमा उपस्थित भै बीमा समितिलाई नियमित सहयोग गर्ने गरिएको छ । कम्पनी बीमा सम्बन्धी विद्यमान व्यवस्थालाई समय अनुकूल परिवर्तन गर्न सम्बन्धित निकायलाई निरन्तर सहयोग गर्न तत्पर रहेको छ । आकस्मिक बीमा कोषद्वारा प्रदान गरिने सेवालाई अझ समय सापेक्ष बनाउन कम्पनीद्वारा समय-समयमा सुझावहरू प्रदान गरिंदै आएको छ । यसबाट राष्ट्रकै बीमा व्यवसायमा सकारात्मक असर पर्ने विश्वास लिएका छौं ।

**घर जग्गा :**

काठमाडौं उपत्यकामा भएको मूल्य वृद्धि हेर्दा कम्पनीले उपयुक्त समयमा जग्गा खरिद गरेको पुष्टि भएको छ । पेट्रोलियम पदार्थको साथसाथै बजारमा डण्डी, सिमेन्ट लागायत निर्माण सामग्रीको अभावका कारण केही ढिलो हुन गए तापनि २०६५ साल जेठबाट उक्त जग्गामा भवन निर्माण सम्बन्धी कार्य प्रारम्भ भएको छ । भवन निर्माण पश्चात कम्पनीप्रति जनविश्वास वृद्धि हनुका साथै कर्मचारीहरूको मनोबल पनि उच्च हुने देखिन्छ । भवन निर्माण पश्चात कम्पनीको साख उच्च भै कम्पनीलाई व्यावसायिक रूपमा समेत फाइदा पुग्ने देखिन्छ ।

**शाखा विस्तार :**

कम्पनीको व्यवसाय देशका विभिन्न भागमा विस्तार गरी आफ्ना ग्राहकहरूलाई घर दैलोमा नै सेवा पुऱ्याउँदै बढीभन्दा बढी बीमाशुल्क आर्जन गर्ने उद्देश्यले बिराटनगर, वीरगंज, काठमाडौंको नयाँ सडक (बसन्तपुर) को अलावा पर्यटकिय नगर पोखरा र मध्य पश्चिमाञ्चल क्षेत्रको व्यावसायिक नगर नेपालगंजमा पनि शाखा संचालनमा ल्याएका छौं । तराई लगायत देशका केही भागमा शान्ति सुरक्षाको बिग्रँदो अवस्था विद्यमान रहेको छ । शान्ति सुरक्षाको विश्वसनीय वातावरण निर्माण भएमा व्यावसायिक सम्भाव्यताको अध्ययन गरी देशका अन्य व्यावसायिक नगरहरूमा पनि सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरी थप शाखा तथा सम्पर्क कार्यालयहरू विस्तार गर्दै लगिने लक्ष्य लिएका छौं ।

**कर्मचारीहरूको नियुक्ति, बढुवा एवं तालिम :**

कम्पनीले केही दक्ष कर्मचारीहरू मार्फत अर्धदक्ष कर्मचारीहरूलाई नियमित प्रशिक्षण एवं तालिम दिई दक्षता अभिवृद्धि गराई कार्यअनुभव एवं तालिमको आधारमा सम्बन्धित विभागमा कर्मचारीहरूलाई पदस्थापन गराई व्यवसाय अघि बढाउँदै आएको छ । कम्पनीले कर्मचारीहरूको कार्यकुशलता एवं अनुभवको आधारमा नियमित तलव वृद्धि, बढुवा र आवश्यकता अनुसार विभागीय हेरफेर तथा नयाँ नियुक्ति समेत गरेको छ । कम्पनीका शाखा तथा सम्पर्क कार्यालयहरूको लागि आवश्यक पर्ने कर्मचारीहरूलाई आवश्यक परेमा केन्द्रमा तालिम तथा प्रशिक्षण दिई सम्बन्धित कार्यालयमा नियुक्ति गर्ने गरिएको छ । कर्मचारीहरूप्रति कम्पनीले गरेको लगानी अनुरूप आगामी दिनमा आइपर्न सक्ने जस्तोसुकै चुनौतीहरू सामना गर्न कर्मचारीहरू सफल हुनेमा हामी विश्वस्त

रहेका छौं । कर्मचारीहरूलाई बीमा सम्बन्धी विस्तृत ज्ञानको लागि आवश्यकता अनुसार प्रशिक्षण एवं तालिमको लागि विदेशमा पठाउने कार्यलाई निरन्तरता दिएका छौं ।

**सफ्टवेयर :**

कम्पनीले 3i Infoteach को PREMIA Version 10.0 व्यवस्थामा आधारित Latest oracle platform मा निर्मित Software जडान गरी लागु गरेको छ । आ.व. २०६३/६४ को शुरूदेखि नै बीमाको लागि कोटेशन, बीमालेख जस्ता कुराहरू ग्राहकले माग गरेको केही समय भित्रै उपलब्ध गराइने परिपाटी शुरू गरिएको छ । सफ्टवेयर मार्फत आगामी दिनमा बैंक तथा वित्तीय संस्थाहरूबाट नै बीमालेख जारी गर्ने लक्ष्य लिएका छौं । समीक्षा आर्थिक वर्षमा परीक्षणको रूपमा सफ्टवेयर लागु गरिएको कारणले हिसाब मिलान एवं देशको विद्यमान कर तथा मूल्य अभिवृद्धि कर राख्ने परिपाटीलाई व्यवस्था गर्न भ्याट रजिष्टर समेतमा रेकर्ड राख्नुपर्ने व्यवस्थाले हिसाब निश्चित गर्न समय लागेकोले हिसाब तयार हुन ढिला भई साधारण सभा गर्न बिलम्ब भएको व्यहोरा अवगत गराउन चाहन्छौं । आगामी दिनमा कम्पनीको लेखा प्रणालीलाई सफ्टवेयरमा समावेश गराई अघि बढ्न कम्पनी सक्षम हुनेमा हामी विश्वस्त रहेका छौं । भविष्यमा यसबाट ग्राहकहरूले छिटो छरितो एवं विश्वसनीय सेवा प्राप्त गरी कम्पनीको प्रगतिमा योगदान पुग्ने अपेक्षा राखेका छौं । साथै यसबाट कम्पनीले आवश्यक तथ्याङ्कहरू चाहेको समयमा प्राप्त गर्न सक्ने तथा ग्राहक एवं लगानीकर्ता समक्ष यथासमयमा कम्पनीको कार्यप्रगति प्रस्तुत गर्न सक्षम हुने कुरामा हामी विश्वस्त रहेका छौं ।

## घ) औद्योगिक एवं व्यावसायिक सम्बन्ध :

देशका विभिन्न वाणिज्य बैंकहरू, एयरलाइन्सहरू, माउण्टेनियरिंग/ट्रेकिङ्ग एजेन्सीहरू, उद्योग व्यापार तथा विभिन्न कार्यालय र व्यक्तिहरूसंग यस कम्पनीको व्यावसायिक सम्बन्ध रहेको छ । कम्पनीको संचालक समितिका पदाधिकारी, कम्पनीका व्यवस्थापक एवं कर्मचारीहरू मार्फत आफ्नो साविक तथा सम्भाव्य ग्राहकहरूसंग पनि व्यावसायिक सम्बन्धलाई निरन्तर रूपमा सुमधुर राख्न सक्षम भएका छौं । कम्पनीले आन्तरिक रूपमा पनि अन्य बीमा कम्पनीहरूसंग पुनर्बीमा आदान-प्रदान गर्दै व्यावसायिक सम्बन्धलाई निरन्तरता दिइरहेको जानकारी गराउँदछौं । कम्पनी भित्र पनि कम्पनी व्यवस्थापनले नियमित रूपमा सम्पूर्ण कर्मचारीहरूको बैठक राखी कर्मचारीहरूका समस्या एवं गुनासोहरू सुनी उपयुक्त समाधान गर्न आवश्यक व्यवस्था मिलाउने गरेको छ । जसले गर्दा कम्पनी व्यवस्थापन र कर्मचारीहरूबीच अत्यन्त सुमधुर सम्बन्ध कायम रहेको महसूस गरेका छौं ।

## ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारण :

कम्पनीको प्रथम वार्षिक साधारण सभाबाट समूह 'क' 'ख' र दोस्रो वार्षिक साधारण सभाबाट समूह 'ग' मा निर्वाचित भई संचालक समितिको गठन निम्नानुसार भएको छ ।

| | | |
|---|---|---|
| समूह 'क' संस्थापक शेयरधनीको तर्फबाट | - | ४ जना |
| १) श्री विकास जंगबहादुर राणा | - | अध्यक्ष |
| २) बुद्ध एयर प्रा.लि.को तर्फबाट | | |
| श्री बीरेन्द्र बहादुर बस्नेत | - | संचालक |
| ३) श्री आँ छिरी शेर्पा | - | संचालक |
| ४) श्री गौरव अग्रवाल | - | संचालक |
| समूह 'ख' संस्थापक शेयरधनीकोतर्फबाट | | |
| १) लोमस इन्भेष्टमेण्ट कं. प्रा. लि.को तर्फबाट | | |
| श्री प्रदीप जंग पाण्डे | - | संचालक |
| २) श्री राजेन्द्र प्रसाद श्रेष्ठ | - | संचालक |
| समूह 'ग' सर्वसाधारण शेयरधनीको तर्फबाट | | |
| १) श्री किरण शेखर अमात्य | - | संचालक |

यसै साधारण सभाबाट नियमावलीमा व्यवस्था गरी कम्पनी ऐन बमोजिम स्वतन्त्र संचालकको नियुक्ति हुने व्यहोरा जानकारी गराउँदछौं ।

## च) कारोवारलाई असर पार्ने मुख्य कुराहरू :

आ.व. २०६३/६४ को अवधीभर नै देशमा पेट्रोलियम पदार्थको अभाव विद्यमान रहन गयो । सोही अवधिमा उद्योग व्यवसाय संचालन गर्न आवश्यक विद्युत पनि लोडसेडिङ् जस्ता कारणले नियमित आपूर्ति हुन नसकी उद्योगहरूले क्षमता अनुसार उत्पादन गर्न सकेनन् । राजधानीमा शान्ति सुरक्षाको अवस्था केही सुदृढ भएको महसूस भए तापनि उद्योगधन्दा रहेका तराई क्षेत्रमा शान्ति सुरक्षाको अवस्था राम्रो हुन सकेन । त्यसै गरी निर्जीवन बीमामा मूल्य अभिवृद्धिकर लगाउने सरकारको यस अघिको व्यवस्थाको निरन्तरता जस्ता कारणहरूले कारोवारमा मुख्य असर पर्न गयो । बीमा समितिद्वारा हालै मोटर बीमा तथा सामुद्रिक बीमा दरमा समय सापेक्ष परिवर्तन गरिएको छ । साथै नियमनकारी निकायको रूपमा बीमा समितिद्वारा पुनर्बीमा सम्बन्धी निर्देशिका, वित्तीय विवरण सम्बन्धी निर्देशिका लगायत अन्य निर्देशिकाहरू तयार गरी लागु गर्न बीमा कम्पनीहरूलाई निर्देशन प्रदान गरिएको छ । यसबाट बीमा क्षेत्रमा सकारात्मक असर पर्नेमा हामी आशावादी रहेका छौं ।

**छ) लेखापरीक्षण प्रतिवेदनमा कैफियत प्रसङ्ग :**

आर्थिक वर्ष २०६३/०६४ को लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकबाट कुनै प्रतिकूल कैफियत नभएको शेयरधनी महानुभावहरूमा जानकारीको लागि अनुरोध गर्दछौं ।

**ज) लाभांश :**

कम्पनी संचालक समितिले आर्थिक वर्ष २०६३/६४ को लागि प्रति शेयर रू. ७.५० का दरले लाभांश भुक्तानी दिने सिफारिस गरेको छ । यसको लागि कुल रू.९३,७५,०००/- को व्यवस्था गरिएको छ । प्रस्तावित लाभांश शेयर दाखिला खारेज दर्ता किताब बन्द भएको दिनसम्म कारोबार भई कम्पनीको शेयर लगत किताबमा दर्ता कायम हुन आउने शेयरधनीहरूलाई भुक्तानी गरिनेछ । उक्त लाभांश रकमको सिफारिश यसै सभाबाट स्वीकृत हुने कुरामा हामी विश्वस्त रहेका छौं ।

**झ) शेयर जफतसम्बन्धी :**

कम्पनीले कुनै शेयर जफत नगरेको व्यहोरा शेयरधनी महानुभावहरूमा जानकारी गराउँदछौं ।

**ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन :**

विगत आर्थिक वर्ष र यस वर्ष कम्पनीको कारोवारको प्रगति वार्षिक प्रतिवेदनको ५ पृष्ठमा उल्लेख गरिएको छ । यस कम्पनीको कुनै सहायक कम्पनी छैन ।

**ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरू र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्त्वपूर्ण परिवर्तन :**

यस कम्पनीको कारोवारमा कुनै महत्त्वपूर्ण परिवर्तन भएको छैन ।

**ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

कम्पनीलाई शेयरधनीहरूबाट कुनै जानकारी प्राप्त नभएको व्यहोरा अवगत गराउँदछौं ।

**ड) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

कम्पनीको शेयर कारोवारमा कुनै पनि संचालक संलग्न नहुनुभएको व्यहोरा जानकारी गराउँदछौं ।

**ढ) विगत आर्थिक वर्षमा कम्पनीसंग सम्बन्धित सम्झौताहरूमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

कम्पनीका संचालक तथा निजको नजिकको नातेदारहरूसंग कम्पनीसंग सम्बन्धित कुनै पनि सम्झौताहरूमा स्वार्थ नरहेको व्यहोरा अवगत गराउँदछौं ।

**ण) कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे वापत कम्पनीले भुक्तानी गरेको रकम :**

कम्पनीले आफ्नो शेयर आफैंले खरिद नगरेको व्यहोरा जानकारी गराउँदछौं ।

**त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न नियमित आन्तरिक लेखापरीक्षण भइरहेको र सोबाट प्राप्त सुझावहरूको आधारमा लेखा प्रणाली सुदृढ गराउँदै लगिएको छ । कम्पनीका सम्पूर्ण काम कारवाहीहरू कम्पनीको प्रबन्ध-पत्र, नियमावली र त्यस अन्तर्गत बनेका विभिन्न विनियमावलीहरू जस्तै कर्मचारी सेवा शर्तसम्बन्धी विनियम, आर्थिक प्रशासनसम्बन्धी नियमहरूको आधारमा हुने हुँदा आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउँदै लगिएको छ ।

कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन हाल निम्न उप-समितिहरू विद्यमान रहेका छन् :-

**क. दावी फछ्र्यौट उप-समिति**

| | | |
|---|---|---|
| १. संचालक, श्री राजेन्द्र प्रसाद श्रेष्ठ | - | संयोजक |
| २. महाप्रबन्धक, श्री दिप प्रकाश पाण्डे | - | सदस्य |
| ३. महाप्रबन्धक (पुनर्बीमा तथा दावी), श्री खेम प्रसाद बराल | - | सदस्य |

ख. लगानी उप-समिति

१. संचालक, श्री वीरेन्द्र बहादुर बस्नेत - संयोजक

२. महाप्रबन्धक, श्री दिप प्रकाश पाण्डे - सदस्य

३. लेखा प्रमुख, श्रीमती सेवा पाठक (बोहरा) - सदस्य

ग. भवन निर्माण उप-समिति

१. अध्यक्ष, श्री विकास जंगबहादुर राणा - संयोजक

२. सञ्चालक, श्री गौरब अग्रवाल - सदस्य

३. महाप्रबन्धक, श्री दिप प्रकाश पाण्डे - सदस्य

४. महाप्रबन्धक (पुनर्बीमा तथा दावी), श्री खेम प्रसाद बराल - सदस्य

कम्पनीले प्रयोगमा ल्याएको सफ्टवेयरबाट पनि आन्तरिक नियन्त्रणमा सकारात्मक असर हुने कुरामा हामी विश्वस्त रहेका छौं ।

**थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण यस प्रतिवेदनको अनुसूची 'क' मा उल्लेख गरिएको छ ।

**द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

लेखापरीक्षण समितिको अध्यक्षमा संचालक श्री गौरव अग्रवाल र सदस्यहरूमा संचालक श्री राजेन्द्र प्रसाद श्रेष्ठ र किरण शेखर अमात्य रहनु भएको छ । लेखापरीक्षण समितिको बैठकमा उपस्थित हुनु हुने सदस्यहरूलाई संचालक समितिको बैठक भत्ता सरह भत्ता प्रदान गरिने गरिएको छ । लेखापरीक्षण समितिले कम्पनी ऐनको व्यवस्था बमोजिम रही संचालक समितिलाई आवश्यक सुझाव दिई सहयोग पुर्‍याउँदै आएको छ ।

**ध) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

कम्पनीलाई त्यस्तो कुनै पनि रकम बुझाउन बाँकी नरहेको व्यहोरा जानकारी गराउँदछौं ।

**न) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| क्र.सं. | विवरण | संचालक | महाप्रबन्धक | प्रबन्धक तथा अन्य पदाधिकारी |
|---|---|---|---|---|
| १. | बैठक भत्ता | १,९१,००० | – | – |
| २. | तलब | | १६,२०,००० | २४,६२,४६१ |
| ३. | भत्ता | | ४,८०,००० | ८,५५,३५४ |
| ४. | बोनस | | १,६३,३८३ | २,०६,७४३ |
| ५. | दशैं खर्च | | १,३५,००० | २,६८,९२७ |
| ६. | संचय कोष योगदान | | १,६२,००० | २,४७,७१४ |
| ७. | दुर्घटना र औषधोपचार बीमा | | छ | छ |
| | व्यक्तिको संख्या | ७ | २ | १३ |

महाप्रबन्धक दुईजना, सहायक महाप्रबन्धक तथा अन्य चारजना प्रबन्धकहरूलाई नियमानुसार सुविधामा गाडी, इन्धन तथा मर्मत सम्भार सुविधा प्रदान गरिएको छ । दुईजना प्रबन्धकहरूलाई कम्पनीको नियमानुसार इन्धन सुविधा प्रदान गरिएको छ ।

**प) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

कम्पनीले यस अघिका आर्थिक वर्षहरूमा लाभांश वितरण नगरेको व्यहोरा जानकारी गराउँदछौं ।

**फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**

उपरोक्त दफामा उल्लेख भए बमोजिम कुनै सम्पत्ति बिक्री तथा प्राप्ति नभएको व्यहोरा जानकारी गराउँदछौं ।

**ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोवारको विवरण :**

यस कम्पनीको सहायक कम्पनी पनि नभएको र यो कम्पनी कुनै मुख्य कम्पनीको सहायक कम्पनी पनि नभएको हुँदा उपरोक्त दफामा उल्लेख भए बमोजिम कुनै कारोवार नभएको जानकारी गराउँदछौं ।

**भ) यस ऐन तथा प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

आवश्यक सम्पूर्ण कुराहरू खुलाई सकिएको हुँदा खुलाउन बाँकी केही नरहेको व्यहोरा जानकारी गराउँदछु ।

**म) अन्य आवश्यक कुरा :**

१) लेखापरीक्षक नियुक्तिको लागि सिफारिस :

संचालक समितिले चालु आ.व. २०६४/०६५ का लागि साविक लेखापरीक्षक श्री प्रताप प्रसाद प्रधान, पी.पी. प्रधान एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स नियुक्त गर्न योग्य हुनुभएकोले नियुक्तिको लागि सिफारिस गरिएको छ ।

**धन्यवाद ज्ञापन :**

कम्पनीको सुचारू संचालनको लागि अविच्छिन्न रूपमा सहयोग पुऱ्याउनु हुने शेयरधनी महानुभाव, विभिन्न सरकारी निकाय, बीमा समिति, आकस्मिक बीमा कोष नेपाल, नेपाल धितोपत्र विनिमय बजार लि., नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक तथा अन्य वाणिज्य बैंक एवं वित्तीय संस्थाहरू, बीमा तथा पुनर्बीमा कम्पनी, ब्रोकर, सर्भेयर तथा बीमा अभिकर्ता लगायत सम्पूर्ण शुभेच्छुकहरूमा समितिको तर्फबाट आभार एवं धन्यवाद ज्ञापन गर्दछौं । कम्पनीको हितसंग सम्बन्धित हरेक कार्यमा अविछिन्न सेवा प्रदान गरी अघि बढ्ने सबै तहका कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दै निजहरूको प्रतिबद्धता र समर्पणलाई संचालक समितिको तर्फबाट कदर एवं प्रशंसा गर्न चाहन्छौं । कम्पनीलाई विश्वास गरी निरन्तर सेवाको अवसर प्रदान गर्नुहुने हाम्रा सम्पूर्ण ग्राहकगवर्गप्रति विशेष तथा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । अन्त्यमा कम्पनीका शेयरधनी तथा उपस्थित महानुभावहरूलाई सहयोग एवं सक्रिय सहभागिताको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग तथा शुभेच्छा प्राप्त भइरहने आशा र विश्वास लिएका छौं ।

धन्यवाद !

सञ्चालक समितिको तर्फबाट

**विकास जंगवहादुर राणा**

अध्यक्ष

PP Pradhan & Co.
Chartered Accountants

Sanepa, Lalitpur
P.O.Box 3242
Kathamndu, Nepal

Tel : 977-1-5551126
Fax : 977-1-5532878
E-mail: pratap@ppp.wlink.com.np

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडका शेयरधनी महानुभावहरू समक्ष आ.व. २०६३/०६४ को लेखापरीक्षकको प्रतिवेदन

१. हामीले श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको आषाढ ३२, २०६४ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरूप्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । ती वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. नेपालको लेखापरीक्षण मान तथा प्रचलित लेखापरीक्षण सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान तथा सिद्धान्त अनुसार लेखापरीक्षण योजना तयार गरी तद्नुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याईं गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्त्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणको हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त अनुसार वित्तीय विवरणको परीक्षण गरी देहाय बमोजिम प्रस्तुत गरेका छौं:-

(क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टीकरणहरू पायौं ।

(ख) संलग्न वासलात, नाफा-नोक्सान हिसाब कम्पनीले राखेका हिसाब किताबसंग दुरूस्त रहेका छन् ।

(ग) कम्पनीले आफ्नो हिसाब किताब प्रचलित कानून र प्रचलन अनुसार ठीकसंग राखेको छ ।

(घ) हामीले प्राप्त गरेको सूचना एवं हामीलाई दिइएको स्पष्टीकरण तथा कम्पनीको संचालक समिति वा कम्पनीका कुनै कर्मचारीले कानूनी व्यवस्था विपरीत काम गरेको वा कम्पनीलाई प्रत्यक्ष हानि-नोक्सानी गरेको वा हिनामिना गरेको वा यसका बीमितहरूको हित र सुरक्षा विरूद्ध काम गरेको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीको कारोबार सन्तोषजनक रूपमा संचालन भएको र कम्पनीको अख्तियारीभित्र रहेका पायौं ।

४. हामीले पाएसम्मको सूचना एवं हामीलाई दिइएको स्पष्टीकरण तथा संलग्न लेखा नीतिहरू र लेखा सम्बन्धी टिप्पणीलाई साथै अध्ययन गर्दा:

(क) वासलातले कम्पनीको आषाढ ३२, २०६४ को आर्थिक अवस्था,

(ख) नाफा-नोक्सान हिसाबले उक्त मितिमा समाप्त अवधिको संचालन नतिजा, तथा

(ग) नगद प्रवाह विवरणले उक्त मितिमा समाप्त अवधिको नगद प्रवाहको उचित तथा यथार्थ स्थिति चित्रण गर्दछ ।

मिति: २०६५/०२/२९
स्थान: काठमाडौं, नेपाल

प्रताप प्रसाद प्रधान
पि. पि. प्रधान एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेण्ट्स

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड

## २०६४ साल आषाढ मसान्तको वासलात

| आ.व.२०६२/०६३ रू. | पूँजी तथा दायित्व | आ.व. २०६३/०६४ रू. | आ.व. २०६३/०६४ रू. |
|---|---|---|---|
| | **शेयर पूँजी:** | | |
| | **अधिकृत पूँजी:** | | |
| २०,००,००,००० | (प्रति शेयर रू. १००/- का दरले २०,००,००० कित्ता साधारण शेयर) | | २०,००,००,००० |
| | **जारी पूँजी:** | | |
| १२,५०,००,००० | (प्रति शेयर रू. १००/- का दरले १२,५०,००० कित्ता साधारण शेयर) | | १२,५०,००,००० |
| | **चुक्ता पूँजी:** | | |
| १०,००,००,००० | (प्रति शेयर रू. १०० का दरले १२,५०,००० कित्ता) | | १२,५०,००,००० |
| | **जगेडा तथा कोष:** | | |
| | **साधारण जगेडा** | | ९५,४०,२८२ |
| १०,९७,२९९ | गत वर्षसम्मको | ३९,२२,३९३ | |
| २८,२५,०९४ | यस वर्षको जगेडा | ५६,१७,८८९ | |
| | **बीमा कोष** | | ३,३८,३८,३२२ |
| ११,००,०३७ | अग्नि बीमा | १८,९७,३१४ | |
| ३,६२,४६६ | सामुद्रिक बीमा | – | |
| | गत वर्षसम्मको | ३,६२,४६६ | |
| | यस वर्षको | २२,२४,८५८ | |
| ९५,८९,७३९ | मोटर बीमा | २,२३,४९,३७१ | |
| १,०१,७०९ | ठेकेदार जोखम तथा इन्जिनीयरिङ्ग बीमा | ३,४६,२०७ | |
| १,४९,६८० | हवाई | ३,०५,४६७ | |
| २०,०९,९११ | विविध बीमा | ६३,५२,६३८ | |
| | **नाफा-नोक्सान हिसाब** | | १,६५,२८२ |
| १०,९७,२९९ | गत वर्षसम्मको | – | |
| २८,२५,०९४ | यस वर्षको | १,६५,२८२ | |
| | बैंक कर्जा | | १,६६,९८,१५९ |
| | बैंक कर्जा (ओभर ड्राफ्ट) | १,६६,९८,१५९ | |
| | **चालु दायित्व तथा व्यवस्था** | | ११,३३,१६,५९८ |
| ३,९९,५४,१०८ | अन्य दायित्व तथा व्यवस्था (अनुसूची- ४) | ३,३२,१९,५२७ | |
| ४,७३,५२,१०९ | पुनर्बीमकलाई दिन बाँकी | ५,८६,४७,४८४ | |
| १३,४६,५४४ | अभिकर्ता कमिशन दिन बाँकी | २१,८४,४६० | |
| – | **दाबी वापत अनुमानित दायित्व** | – | |
| ९,३२,२३८ | सूचित नभएका संभावित दावी समेत | ९८,९०,१२६ | |
| – | लाभांश दिन बाँकी | ९३,७५,००० | |
| २१,०७,४३,३२७ | **जम्मा** | | २९,८५,५८,६४३ |

| आ.व.२०६२/०६३ रू. | सम्पत्ति तथा जायजेथा | आ.व. २०६३/०६४ रू. | आ.व. २०६३/०६४ रू. |
|---|---|---|---|
| १,६६,१३,८२१ | स्थिर सम्पत्ति (अनुसूची- १) | | ७,९८,१५,७४० |
| | स्थिर सम्पत्ति (परल मोल) | ८,९१,४०,४६८ | |
| | ह्रास खर्च | (९३,२५,७२८) | |
| १२,२०,३०,१२७ | **लगानी: (अनुसूची- २)** | | १३,९४,०६,५९४ |
| | **चालु सम्पत्तिः (अनुसूची- ३)** | | ४,३३,९९,५५१ |
| २,३४,१४,६१४ | विविध आसामी | २,८५,३४,७८१ | |
| १,०१,९८,५२८ | अन्य सम्पत्ति | १,४८,६४,७७० | |
| – | पुनर्बीमकबाट लिन बाँकी | | ११,९४,३१२ |
| | **बैंक नगद तथा चेक मौज्दात** | | ३,०९,६३,१०६ |
| १,९६,४४,२४० | बैंक मौज्दात | ९७,४१,०९१ | |
| १,६६,२४,०११ | नगद तथा चेक | २,१२,२२,०१५ | |
| २२,१७,९८६ | **अपलेखन हुन बाँकी खर्चहरू: (अनुसूची- ५)** | | ३७,८०,३४० |
| २१,०७,४३,३२७ | **जम्मा** | | २९,८५,५८,६४३ |

संलग्न अनुसूचीहरू '१' देखि '५' सम्म यस विवरणको अभिन्न अंग मानिने छन् ।

**दिप प्रकाश पाण्डे**
महाप्रबन्धक

**आं छिरी शेर्पा**
संचालक

**वीरेन्द्र बहादुर बस्नेत**
संचालक

**गौरव अग्रवाल**
संचालक

**प्रदीप जंग पाण्डे**
संचालक

संलग्न प्रतिवेदन अनुसार

काठमाडौं
२०६५/०२/२९

**सेवा पाठक बोहरा**
लेखा प्रमुख

**राजेन्द्र प्रसाद श्रेष्ठ**
संचालक

**किरण शेखर अमात्य**
संचालक

**विकास जंगबहादुर राणा**
अध्यक्ष

**प्रताप प्रसाद प्रधान**
चार्टर्ड एकाउण्टेण्टस्
नि. पि.पि. प्रधान एण्ड कं.

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड

## आ.व. २०६३/०६४ को नाफा-नोक्सान हिसाब

| आ.व.२०६२/०६३ रू. | खर्च | | आ.व. २०६३/०६४ रकम रू. | आ.व.२०६२/०६३ रू. | आम्दानी | | आ.व. २०६३/०६४ रकम रू. |
|---|---|---|---|---|---|---|---|
| ३७,१५,३९९ | ऱ्हास कट्टि (अनुसूची- १ बमोजिम) | | ४०,४१,०४२ | | बीमा हिसाबबाट वचत | | २,०६,००,२४८ |
| | बीमा हिसाबमा नोक्सान: | | १६,६८,३२७ | ३८,७३,८२४ | अग्नि बीमा | ७२,०८,७१४ | |
| – | अग्नि बीमा | | – | २५,४१,२४३ | सामुद्रिक बीमा | ५०,३४,७४९ | |
| – | सामुद्रिक बीमा | | – | २६,९६,१९५ | मोटर बीमा | १८,३३,८२३ | |
| – | मोटर बीमा | | – | १,९७,०७५ | ठेकेदार जोखिम तथा इन्जिनीयरिङ्ग बीमा | १३,८५,००७ | |
| – | ठेकेदार जोखिम तथा इन्जिनीयरिङ्ग बीमा | | – | २३,१९,२९७ | विविध बीमा | ५१,३७,९५५ | |
| – | विविध बीमा | | – | | | | |
| ४१,३६,९५५ | हवाई बीमा | १६,६८,३२७ | | | | | |
| ४,५५,७७८ | पूर्व संचालन खर्च | | १३,६७,३३३ | | | | |
| – | शेयर निष्काशन खर्च | | ९,४५,०८४ | | | | |
| ४५,८७० | व्याज | | ७,७४,१०५ | | लगानीमा व्याज | | |
| – | शंकास्पद आसामी व्यवस्था | | २१,७४,०२० | ४५,२०,३०५ | मुद्दती, वचत तथा कल | | ८३,८६,८०१ |
| ७,८०,७३६ | कर्मचारी बोनस | | १८,८५,७८९ | | | | |
| २१,५७,१६८ | आयकर व्यवस्था | | ५४,४८,०९६ | ७,९४,१५४ | अन्य आम्दानी | | ५,५२,५२६ |
| ५६,५०,१८७ | नाफा | | १,१२,३५,७७९ | | | | |
| १,६९,४२,०९३ | जम्मा | | २,९५,३९,५७५ | १,६९,४२,०९३ | जम्मा | | २,९५,३९,५७५ |

## नाफा-नोक्सान बाँडफाँड हिसाब

| आ.व.२०६२/०६३ रू. | खर्च | आ.व. २०६३/०६४ रकम रू. | आ.व.२०६२/०६३ रू. | आम्दानी | आ.व. २०६३/०६४ रकम रू. |
|---|---|---|---|---|---|
| २८,२५,०९४ | साधारण जगेडा | ५६,१७,८९० | ५६,५०,१८७ | माथिबाट सारेको नाफा | १,१२,३५,७७९ |
| – | लाभांश | ९३,७५,००० | – | गत वर्षको नाफा बाँकी (साधारण जगेडा) | ३९,२२,३९३ |
| २८,२५,०९३ | बाँकी वासलातमा सारेको | १,६५,२८२ | | | |
| ५६,५०,१८७ | जम्मा | १,५१,५८,१७२ | ५६,५०,१८७ | जम्मा | १,५१,५८,१७२ |

**दिप प्रकाश पाण्डे**
महाप्रबन्धक

**आं छिरी शेर्पा**
संचालक

**वीरेन्द्र बहादुर बस्नेत**
संचालक

**गौरव अग्रवाल**
संचालक

**प्रदीप जंग पाण्डे**
संचालक

संलग्न प्रतिवेदन अनुसार

**प्रताप प्रसाद प्रधान**
चार्टर्ड एकाउण्टेण्टस्
नि. पि.पि. प्रधान एण्ड कं.

काठमाडौं
२०६५/०२/२९

**सेवा पाठक बोहरा**
लेखा प्रमुख

**राजेन्द्र प्रसाद श्रेष्ठ**
संचालक

**किरण शेखर अमात्य**
संचालक

**विकास जंगबहादुर राणा**
अध्यक्ष

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड

## आ.व. २०६३/०६४ को नगद प्रवाह विवरण

| क्र.सं. | विवरण | २०६३/०६४ रकम रू. | २०६२/०६३ रकम रू. |
|---|---|---|---|
| क. | **संचालन गतिविधिबाट** | | |
| | खुद नाफा (नोक्सानी) | १,१२,३५,७७९ | ५६,५०,१८७ |
